जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ३८ २०७९ साल बैशाख ११ गते आइतवार (24 Apr. 2022 Sunday) मूल्य रु. ७/-

गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन।

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : स्थानीय तहमा कस्तो ... पृष्ठ ३ मा : आसन्न निर्वाचन, पार्टीका ... पृष्ठ ५ मा : सोमालियाको राजधानीमा आत्मघाती ... पृष्ठ ६ मा : सप्तरीमा ९ हजार ३१ विद्यार्थी ...

# आज र भोली उम्मेदवारको मनोनयन दर्ता

**राजविराज**/वैशाख ३० का लागि तोकिएको स्थानीय तह निर्वाचनका लागि आज र भोली दुई दिन मनोनय दर्ता गर्ने समय तोकिएको छ। यसका लागि सबै तयारी पुरा भइसकेको निर्वाचन आयोगले जनाएको छ।

देशका ७ सय ५३ वटै स्थानीय तहहरूमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना भई कार्यसञ्चालन र मतदान केन्द्रमा प्रयोग हुने सामग्री पठाउने कार्य निरन्तर भइरहेको आयोगले शनिबार आयोजना गरेको विशेष पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित सबै आयुक्तहरू उपस्थित पत्रकार भेटघाटमा आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रमअनुसार यही वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, वैशाख १२ गते मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको छ।

वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनामा जानकारी दिइयो।

यस्तै कूल ६ हजार ७४३ प्रकारका मतपत्र छपाई गर्नुपर्ने र वैशाख २६ गतेभित्र सबै मततदान केन्द्रमा पुऱ्याइसक्नुपर्ने भएकाले पनि उम्मेदवारी नपर्ने दलको चिह्न हटाउन सम्भव नहुने बरु विद्युतीय मतदानको प्रबन्ध गराइएमा आगामी दिनमा त्यस्ता विषय व्यवस्थित गर्न सकिने उनको भनाइ थियो।

उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिताले तोकेबमोजिमको आचरण पालना गरिदिन आयोग सबैमा हार्दिक अपिल समेत गरिएको छ।

# दुई मोटरसाइकल ठोकिदा तीनको मृत्यु

**राजविराज**/जन्ती जाने क्रममा मोटरसाइकल दुर्घटनामा परेर एकै ठाउँका तीन जनाको मृत्यु भएको छ।

हुलाकी सडकखण्डअन्तर्गत सप्तरीको राजगढ गाउँपालिका-५ मलेकपुरमा मोटरसाइकल दुर्घटनामा परी शनिबार तीन जनाको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ३ गिदखोरा बस्ने बस्ने ३० वर्षीय पप्पु यादव, सोही ठाउँका २६ वर्षीय सन्दीप यादव र बुच्चु भनिने २५ वर्षीय रञ्जीत यादवको मृत्यु भएको हो।

सप्तरीको भारदहबाट पथरगाडातर्फ बिहेका लागि जन्ती जाँदै गरेको प्रदेश१-०२४१प २२९६ नंको मोटरसाइकल र प्रदेश१-०२०४१प ९५२४ नंको मोटरसाइकल एकापसमा ओभरटेक गर्ने क्रममा ठोक्किएको प्रहरीले जनाएको छ।

स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं।

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अवोध छोरीलाई हत्या गरी फरार आमा पक्राउ

**राजविराज**/परपुरुषसँगको अवैध सम्बन्ध बारे पोल खुल्ने डरले दुई वर्षिया अवोध छोरीलाई नदीमा फ्याली हत्या गरि फरार भएकी आमा घटनाको पाँच वर्षपछि पक्राउ परेकी छिन्।

पति सूर्यनारायण मण्डल रोजगारीको सिलसिलामा विदेश रहेका बेला गाउँकै एक परपुरुषसँग अवैध सम्बन्ध कायम गरेकी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ७ की २७ वर्षिया रानी मण्डल दुई वर्षिया छोरीको हत्या गरेको आरोपमा पक्राउ परेकी हुन्।

उनलाई गोप्य सूचनाको आधारमा विहीबार राजगढ गाउँपालिका ५ स्थित एक घरमा लुकिछिपि बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो।

२०७३ साल साउन १२ गते राती रानीले आफ्नै दुई वर्षिया छोरी प्रमिलालाई खाँडो खोलामा आएको बाढीमा फ्यालेर हत्या गरेको प्रहरीको भनाई छ। विदेशमा रहेका पति घर फर्किन लागेको र परपुरुषसँगको अवैध सम्बन्ध बारे छोरीमार्फत खुलासा हुने डरले खाँडो नदीमा लगेर बाढीमा बगाई उनको हत्या गरिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको कथन छ।

पति सूर्यनारायणको जाहेरीले वादी नेपाल सरकारको तर्फबाट रानीमाथी कर्तव्य ज्यान मुद्दा चलाइएपछि उनी फरार भएकी थिइन्। उक्त मुद्दा उपर सुनुवाई गर्दै २०७५ साल फागुन १५ गते २० वर्ष कैद सजायको फैसला सुनाइएको थियो।

डिएसपी माधवप्रसाद काफ्लेले रानीले अपराध कबुल गरिसकेको जानकारी दिए। पक्राउ परेकी उनलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# पोखरीमा डुबेर बालिकाको मृत्यु

**राजविराज**/सप्तरीको बलान विहुल गाउँपालिकामा शनिबार पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ।

वडा नं ५ बस्ने रवीन्द्र यादवका छ वर्षीया छोरी अनुषाकुमारीको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

सोही ठाउँमा रहेको पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। यता घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# कलंक जस्तै छुवाछुत

हामी एक्काइसौं शताब्दीमा पुगी सक्दा अहिले पनि जातपातका नाममा छुवाछुतप्रथाले आश्रय पाइरहेको छ । छुवाछुतले समाजलाई अहिले पनि नराम्ररी गाँजेको अवस्था छ । एक्काईसौं शताब्दीमा विचरण गरी रहे पनि हाम्रा व्यवहार र शैली सोह्रौं शताब्दी भन्दा माथि उठ्न नसक्दा हामीले विकासिय लक्ष्यहरु पहिल्याउन सकिरहेका छैनौं । पुरातन सोच मै अल्झि राखेकाले न त हामी शैक्षिक रुपले न त आर्थिक रुपले आत्मनिर्भर हुन सकिरहेका छौं ।

जातपातका नाममा एक अर्कामाथि दुर्व्यवहार र अमानवीय व्यवहार गरिनु एक्काइसौं शताब्दीमाथिको कलंक नै हो । कतै उच्च नाति भनाउँदाले तल्लो जाति भनाउँदालाई आफ्नो खानेपानीको श्रोत इनार, कुवाँ वा ट्यूबवेल छोयो भन्दै कुटपीट र गालीगलौंज गर्ने त कतै दलितले मन्दिर प्रवेश गऱ्यो भनी हंगामा खडा गर्ने जस्ता घटनाहरुले मानवतालाई नै लज्जित तुल्याइरहेको छ । यस्ता व्यवहार जातीय दुर्व्यवहार मात्र नभएर शारिरिक, सामाजिक र मनोसामाजिक दुर्व्यवहार समेत हो । यस्ता दुर्व्यवहारहरुलाई राज्यले गम्भीरतापूर्वक लिदै दोषीमाथि कानून सम्मत कार्वाही गर्न चुक्यो भने पिडितहरुले आफुलाई सामाजिक रुपमा नै वहिष्कारमा पारिएको अनुभूति गर्न थाल्छन्, जसले सामजिक सौहार्द्रता र ऐक्यबद्धतामाथि नै प्रश्नचिन्ह खडा गर्दछ ।

यस्ता अपराधका लागि कानून भने नभएको होईन, तर कानून बनेर मात्र हुँदैन । जबसम्म कानूनको उचित र चाँडो कार्यान्वयन हुँदैन तबसम्म यसरी जातपातका आधारमा हुने हिंसामा कमी आउन सक्दैन । यसका साथै जातिय छुवाछुतका विरुद्ध सचेतनामुलक कार्यक्रमहरुले पनि निरन्तरता पाउन जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# स्थानीय तहमा कस्तो नेतृत्व छान्ने ?

*बलराम सापकोटा*

सामूहिक उद्देश्य प्राप्तिका लागि व्यक्ति अथवा समूहका क्रियाकलापलाई प्रभावित पार्ने कार्यलाई नेतृत्व भनिन्छ । समाजका मुद्दा र विषयहरूको उठान गर्ने व्यक्ति नेता हो । नेता व्यक्ति हो भने नेतृत्व सामूहिक विषय हो । कुनै पनि सामूहिक उद्देश्य प्राप्त गर्न असल, सक्षम र दूरदर्शी नेता हुन अत्यन्त जरुरी हुन्छ । सामूहिक उद्देश्य प्राप्त गर्न र समाजलाई सही र प्रगतिको बाटोमा डोऱ्याउन नेतृत्वको महत्त्वपूर्ण भूमिका रहन्छ । नेतृत्व प्रभावकारी र समग्र समाजलाई प्रगतिको पथमा डोऱ्याउन सक्ने विशेष खुबी भएको हुनुपर्छ ।

हामी प्रत्येक व्यक्ति आफैमा नेता हौं, जसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा नेतृत्व गरिरहेका हुन्छौं । कोही आफ्नो घर परिवारको त कोही आफ्नो कार्यालय वा आफ्नो व्यवसायमा राम्रो प्रस्तुति दिएर कुशल व्यवस्थापन गरेर नेता बनिरहेका हुन्छन् । दलमार्फत देशको नेतृत्व गर्नेहरू राजनीतिक नेतृत्व हुन् । यस आलेखमा राजनीतिक असल नेतृत्वको बारेमा चर्चा गरिएको छ ।

राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आन्दोलनका अलग अलग नेता हुन सक्छन् तर सबैको मूल भनेको राजनीतिक नेतृत्व नै हो । समाजको वर्तमान राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाबाट समाजलाई प्रगतिको बाटो देखाउन सक्ने व्यक्ति नै नेता हो । हामीलाई लाग्न सक्छ असल नेता ऊ हो, जो राम्रो र चर्को स्वरमा बोल्न सक्छ, राम्रो लेख्न सक्छ र जतिखेर पनि सिद्धान्त र विचारका मात्र कुरा गर्छ । तर सत्य यो होइन । असल नेता हुन यी गुणहरू मात्र भएर पुग्दैन । नेतामा केही विशेष गुण हुनैपर्छ । ती गुणहरू बलियो इच्छाशक्ति, तत्काल निर्णय लिन सक्ने क्षमता, आत्मविश्वास, अभिप्रेरित गर्न सक्ने, जिम्मेवारी र उत्तरदायित्वको बोध गर्न सक्ने, प्रभावकारी सञ्चार सीप र त्यागको भावना । नेता अरू भन्दा फरक हुनैपर्छ । नेता समाजको पथप्रदर्शक हुन् । नेताको व्यवहार, आनीबानी, रहन सहन, खानपिन र चालचलन सबैले समाजलाई प्रभावित पारी रहेको हुन्छ ।

नेताले लिएको लक्ष्यले उ कति ठूलो नेता हो भनेर निर्धारण गर्छ, उसको पछाडि लागेको भीडले होइन । समाजलाई राम्ररी बुझेको र समाजमा भिजेको, विषयवस्तुमा राम्रो दख्खल भएको, सबैलाई समान व्यवहार गर्न सक्ने, लक्ष्य र कामप्रति सधैँ उत्प्रेरित भइरहने, सबैको कुरा सुन्ने अनि मात्र आफ्नो कुरा राख्ने र ईमान्दार व्यक्ति मात्र असल नेता हुन सक्छ । नेपालमा अहिले यस्तै नेताको खाँचो छ ।

मतदान नेता चयन गर्ने एउटा प्रक्रिया हो । निर्वाचित भइसकेपछि आफूलाई सबै मतदाताको प्रतिनिधिको रूपमा प्रस्तुत गर्न सक्नुपर्छ, न कि आफूलाई मतदान गरेको मतदाताको मात्र प्रतिनिधिको रूपमा । नेपालमा मतदान पश्चात् पनि विरोधीकै रूपमा हेर्ने र व्यवहार गर्ने चलन रहेको छ । साथै नेपालका नेताहरू चर्चा कमाउनैका लागि विपक्षीलाई गाली गर्ने, पुरै गर्न नसक्ने आश्वासन बाँड्ने र देश र जनताको आवश्यकता भन्दा आफ्नो फाइदामा ध्यान दिएर काम गर्ने गरेका छन्, जुन नेतामा हुनु पर्ने गुणमा पर्दैन ।

अर्को कुरा नेपाली नेताहरूमा त्यागको भावना त छँदै छैन । नेताहरूले दुरदृष्टि राखेर होइन, आआफ्नो गुट, पार्टीका कार्यकर्ता र सस्तो लोकप्रियतालाई केन्द्रमा राखेर काम गर्ने गरेका कारण नेपाल अहिलेको हालतमा पुगेको हो । नेपालको अवस्थामा सुधार ल्याउन मतदाताले असल प्रतिनिधिको छनौट नगरी हुँदैन । मतदाताले शासक छान्ने होइन, सेवक छान्नु पर्छ । जनताले यस्तो नेतृत्वको चयन गर्नु पर्छ, जसले आफ्ना मतदाताको मात्र नेतृत्व गर्ने होइन, सम्पूर्ण मतदाताको नेतृत्व गर्न सकोस् ।

स्थानीय तहको निर्वाचन मिति तोकिएसँगै सहरदेखि गाउँसम्म चुनावी सरगर्मी बढेको छ । राजनीतिक दलहरू चुनावको तयारीमा केन्द्रित भएका छन् । दलहरू चुनाव

*बाँकी पाँच पृष्ठमा*




बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आसन्न निर्वाचन, पार्टीका घोषणापत्र र स्वास्थ्य सेवाको प्राथमिकताहरु

**विषय प्रवेशः**

संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएपश्चात मुलुक संघीय शासन व्यवस्थामा प्रवेश गरी एउटा आवधिक निर्वाचन पछिको पूर्ण कार्यकाल सकिनै लागेको अवस्थामा सरकारले हाल स्थानीय तहको आवधिक निर्वाचनको घोषणा गरिसकेको छ. र सिङ्गो देश स्थानीय तहको निर्वाचनमा होमिएको छ।

आमनागरिकलाई गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने सन्दर्भमा नेपालको संविधान २०७२ को धारा ३५ ले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। स्वाथ्य नीति २०७१ ले जनसहभागीता मुलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको छ भने स्वास्थ्य नीति २०७६ले संघीय संरचनामा सबै वर्गका नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

सन् १९७८ मा अल्मा आटामा सम्पन्न भएको विश्व सम्मेलनले तय गरेको प्राथमिक स्वास्थ्य सेवाको विश्वव्यापी अभियानलाई नेपालले पनि आत्मसात गरी त्यसलाई पुरा गर्न प्रथम १५ वर्षे दिर्घकालिन स्वास्थ्य योजना (सन् १९७५-१९९०),२० वर्षे दोस्रो दिर्घकालिन स्वास्थ्य योजना (१९९७-२०१७), सहस्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्य र अन्य राष्ट्रिय/अन्तराष्ट्रिय नीति योजनाहरुमा प्रतिबद्धता जाहेर गरी रणनीतिक रुपमा काम गरिरहेको छ।

यसै क्रममा सन् २०१८ अक्टोबरमा काजकास्तानमा सम्पन्न विश्व सम्मेलनले सन् १९७८ को अल्मा आटा सम्मेलनको उपलब्धिहरुलाई पुनरावलोकन गर्दै गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने अभियानमा पनि नेपालले प्रतिबद्धता जनाएको छ।

विसं २०७२ सालमा संविधान सभाबाट नेपालको संविधान जारी भए पश्चात पहिलो पटक २०७४ सालमा संघीयताको मर्म अनुरुप तीनै तहको निर्वाचन सम्पन्न भएको थियो। नेपाल सरकारले आउँदो बैशाख ३० गते



**प्रकाश परियार**

स्थानीय तहको आवधिक निर्वाचन घोषणा गरेको छ।

निर्वाचनको घोषणा पश्चात नेपालका ठूलादेखि साना सबै राजनीतिक दलहरु निर्वाचन केन्द्रित गतिविधिहरु संचालनमा अगाडी बढिरहेका छन् र आ-आफ्नो दलको घोषणापत्र बनाउने कार्यमा जुटिरहेका छन्। घोषणापत्र भनेको निर्वाचन हुनुभन्दा अगाडी राजनीतिक दल वा उम्मेवारले आफू वा आफ्नो दलले जनता सामु गर्ने गतिविधि सम्मिलित विभिन्न नीति,उद्देश्य तथा लक्ष्य सहितको प्रतिबद्धता पत्र हो। यसको खास अर्थ रहन्छ।

र कुनै राजनीतिक दल वा उमेद्वार निर्वाचित भईसके पश्चात घोषणापत्र अनुसारको काम तथा गतिविधिहरु गर्नुपर्ने हुन्छ। त्यसैले घोषणापत्र तयार गर्दा महत्वाकांक्षी मात्रै नभएर ठाउँ, समय, परिस्थिति, अवस्था सबै कुराको मध्यनजर गर्दै बहुआयामिक रुपमा गर्न सकिने र नगरी नहुने कार्यहरु संलग्न गरी तयार गर्नु जरुरी हुन्छ।

आसन्न निर्वाचनलाई मध्यनजर गर्दै विभिन्न दल तथा उम्मेदवारले घोषणा पत्र तयार गर्दा स्वास्थ्य सेवा एक विशिष्टीकृत र प्रत्येक जनतासँग सरोकार राख्ने भएको हुँदा दिगो विकास लक्ष्य, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय जनसंख्या नीति २०७१, पन्ध्रौ पञ्च वर्षीय योजना लगायतका विभिन्न नीति र योजना तथा कार्यविधिहरुले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्यहरुको आधारमा मुलत जनशक्ति उत्पादन, पूर्वाधार निर्माण, उत्पादित जनशक्तिहरुको वितरण र व्यवस्थापन तथा सुशासनमा आधारित भएर घोषणापत्र तयार गर्दा राम्रो हुने देखिन्छ।

**मूल विषयः-**

क) जनशक्ति उत्पादन तर्फ

स्वास्थ्य नीति २०७६ ले भने अनुसार गुणस्तरीय स्वास्थ्य सेवाको आधार गुणस्तरीय जनशक्ति उत्पादन हो भन्ने तथ्यलाई आत्मसात् गर्दै जनशक्ति उत्पादनमा गुणस्तरीयता कायम गर्न जरुरी छ। त्यसको लागि गर्न सकिने गतिविधिहरुः

- विद्यालय स्तरको पाठ्यक्रममा नै अध्ययन/अनुसन्धान सम्बन्धी पाठ्यक्रम बनाउने।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको सन्तति तथा सेवामा रहेका र सेवा निवृत भएका कर्मचारीहरुका सन्ततिहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गर्ने।
- देशबाट हरेक वर्ष बाहिरिने बौद्धिक जनशक्तिको व्यवस्थापनको लागि स्थानीय तह, प्रदेश र संघीय सरकरलेउचित प्रवन्ध गर्ने।
- जनसंख्या, भौगोलिक अवस्थितिको आधारमा मध्यम स्तरदेखि उच्च तहसम्म प्राविधिक शैक्षिक संस्थाको स्थापना र विद्यार्थीहरुको भर्नालाई एकिन गरी आवश्यक व्यवस्था गर्ने।
- स्थानीय तहबाट तथ्यांक संकलन गरी गरिब, विपन्न नागरिक, एकल महिलाको परिवार, अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको परिवारका सदस्यलाई प्राविधिक शिक्षा हासिल गर्न छात्रवृत्ति तथा सहुलियत प्रदान गर्ने प्रवन्ध मिलाउने।

ख) पूर्वाधार निर्माण तर्फ

पूर्वाधारको उचित व्यवस्थापन बिना स्वास्थ्य

बाँकी चार पृष्ठमा


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता



तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी

## *आसन्न निर्वाचन, ...*

सेवा प्रदान गर्न र प्राप्त गर्न असम्भव नै हुन्छ । नेपाल सरकारको ३० मिनेटको पैदल दुरीमा सबै नागरिकको पहुँचमा स्वास्थ्य संस्था स्थापना गर्ने नीति अनुरुप पूर्वाधार निर्माणमा संघीयता कार्यन्वयन पश्चात आशातित प्रगति हुननसके पनि अधिकांश स्थानीय तहहरुमा स्वास्थ्य संस्था स्थापना भएका छन् भने अझै प्रत्येक पालिकामा ५ देखि १५ शय्याका अस्पतालहरु स्थापना गर्ने सरकारको नीतिले सकारात्मक सन्देश प्रवाह गरिरहेको छ । यी कुराहरुलाई आधार बनाएर पूर्वाधार निर्माणतर्फ गर्न सकिने गतिविधिहरु यी हुन सक्छन ः

- स्थानीय तथा प्रदेश तहमा स्यानिटरी प्याड बनाउने घरेलु तथा साना उद्योगको स्थापना गरी स्यानिटरी प्याडको प्रयोगमा व्यापकता ल्याउने ।
- स्थानीय तहका प्रत्येक विद्यालयमा विधार्थीहरुको अनुपातमा हेल्थ क्लबको स्थापना गरी योग/ध्यान, मेडिटेसन गर्ने स्थानको व्यवस्था गर्ने ।
- जीवनशैली परिवर्तन र व्यक्तिगत स्वास्थ्यको प्रवन्ध गर्न हरेक स्थानीय तहमा वेलनेस सेन्टर(ध्भ्ििलभकक अभलतभच) वा स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना गर्ने ।
- एउटा स्थानीय तहमा एउटा मानव संसाधन सहितको सुविधा सम्पन्न एम्बुलेन्सको व्यवस्था गर्ने ।
- नसर्ने रोगको बढ्दो मृत्युदरलाई कम गर्न हरेक स्वास्थ्य संस्थामा आधारभूत ल्याब सेवाको स्थापना गरी नियमित स्वास्थ्य परीक्षणलाई प्रोत्साहन गर्ने ।
- NCD step Survey 2019 का अनुसार नेपालमा ९९ प्रतिशत मानिसहरुले सिफारिस गरे अनुसारका सागसब्जी तथा फलफुल नखाने गरेको तथ्यांकलाई मध्यनजर गर्दै सिजन अनुसारको फलफूल खाने बानीको विकास गर्नको लागि भौगोलिक अवस्थिति हेरेर 'एक गाउँ एक बगैंचा' अथवा 'एक घर दुई फलफुल बोट' अभियान संचालन गर्ने ।

ग) स्वास्थ्य सेवाको वितरण तथा व्यवस्थापन तर्फ

जनशक्तिको उत्पादन र पूर्वाधार निर्माणपश्चात जनशक्तिको समानुपातिक वितरण तथा व्यवस्थापन गर्नु र समग्र स्वास्थ्य सेवा राज्यका सबै तह र तप्कामा पुर्यातउनु र त्यसको व्यवस्थापन गर्नु सबैभन्दा महत्वपूर्ण पाटो हो । यसको लागि निम्न गतिविधिहरु गर्न सकिन्छः

- जेष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी वर्षमा कम्तिमा दुई पटक निःशुल्क स्वास्थ्य परीक्षणको प्रवन्ध गर्ने ।
- समग्र स्वास्थ्य सेवाको सुचना प्रणालीको वैज्ञानिक तथा आधुनिक टेक्नोलोजीको प्रयोग गरी व्यवस्थापन गर्ने प्रवन्ध मिलाउने ।
- स्वास्थ्य संस्थाहरुको वित्तीय व्यवस्थाको दिगोपना गराउने गतिविधिहरु संचालन गर्ने ।
- यौन तथा प्रजनन् स्वास्थ्य, किशोर किशोरी मैत्री स्वास्थ्य, मानसिक स्वास्थ्य, मुख तथा दाँत स्वास्थ्य, बढ्दो आँखाको समस्यालाई अन्त्य गर्न विद्यालय तथा वडादेखि नै प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- युवाहरुमा बढ्दै गईरहेको लागूऔषध दुर्व्यसनीको नियन्त्रणको लागि युवा सचेतना अभियान संचालन गर्ने ।
- विद्यालयमा बालबालिकाहरुलाई जंक फुड/फास्टफुडरहित खाजाको प्रवन्धको लागि अभियान नै संचालन गर्ने ।
- हरेक गाउँ टोलमा युवा पुस्ता तथा बालबालिकहरुबीच बढ्दो मोबाइल तथा विद्युतीय उपकरणको प्रयोगमा कमि ल्याउन र खेलकुदमा प्रोत्साहन गर्न घर बाहिर खेल्न जाने ठाउँको आवश्यक व्यवस्था गर्ने ।
- दुर्गमका स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन सहितको नियमित विशेषज्ञ सेवाको प्रत्याभूत गर्ने ।
- दुर्गमका स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुका लागि भिडियो एक्सरे कार्यक्रमलाई विस्तार गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसारको औषधि उपकरणहरुको व्यवस्थापन नियमित गर्ने ।
- सहरदेखि गाउँसम्म बढ्दो एन्टिबायोटिकको प्रयोग र त्यसको रेसिस्टेन्सलाई न्यूनीकरण गर्न पालिकामार्फत नियमित अनुगमन तथा मुल्यांकन गर्ने प्रवन्ध मिलाउने ।
- दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरुको व्यवस्थापन गर्न सबै स्थानीय तहमा स्वास्थ्यकर्मीहरुलाई आवश्यक तालिम प्रदान गरी औषधि उपकरण सहितको व्यवस्था मिलाउने ।
- जनघनत्व बढी भएको प्रत्येक वडा तहसम्म अथवा प्रति दश हजार जनसंख्यामा एकजना मेडिकल डाक्टर सहितको स्वास्थ्यकर्मीहरुको प्रवन्ध गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमासँग आवद्ध गर्दै लाने ।
- विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्गहरुलाई राज्यको सहुलियतमा बीमा कार्यक्रममा आवद्ध गर्दै लैजाने ।
- एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रमलाई हरेक विद्यालयमा पुर्याइ असुरक्षित गर्भपतन, बालविवाह तथा कम उमेरमा हुने गर्भधारणलाई निरुत्साहित गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम नियमित संचालन गर्ने ।
- बढ्दो खाद्य असुरक्षालाई मध्यनजर गर्दै 'स्वस्थ उत्पादन र स्वस्थ सेवन' कार्यक्रम अभियानको रुपमा संचालन गर्ने ।
- स्वस्थ खानेपानी वितरण तथा मुहानको संरक्षणको लागि वृक्षारोपणलाई प्रोत्साहन गरी 'आफ्नो गाउँ हरियाली बनाउँ' भन्ने अभियान संचालन गर्ने ।
- अति दुर्गम र दुर्घटनाको आपतकालीन उद्धारको लागि आवश्यकता अनुसारको हवाई एम्बुलेन्स सेवाको उचित प्रवन्ध मिलाउने ।

घ) सुशासन तर्फ

राज्य संयन्त्रलाई जनमुखी बनाई आम नागरिकले प्राप्त गर्ने सेवालाई छिटो, छरितो र प्रभावकारी रुपमा गरि सुखानुभुति प्रदान गर्नु नै सुशासन हो । हरेक कार्यक्रम र गतिविधिहरु संचालन गर्दा सबैभन्दा पहिला सुशासनलाई ध्यान दिनु पर्दछ र सोहि अनुसारको कार्य गर्नु पर्दछ । तसर्थ निम्नानुसारका गतिविधिहरु संचालन गरी सुशासनको प्रत्याभूत गर्न सकिन्छ ।

- स्वस्थ जीवनका लागि स्वस्थ उत्पादन र स्वस्थ उपभोगको अवधारणालाई व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण नागरिकको परिचालन गरी अभियान संचालन गर्ने ।
- प्रत्येक स्वास्थ्य जनशक्तिको प्रति ५ वर्षमा एकपटक व्यवसायीक ज्ञान र शिप परीक्षण गर्नुपर्ने कानुन निर्माण गर्ने ।
- हरेक स्थानीय तहले आफू मातहतका स्वास्थ्य जनशक्तिको काम, कर्तव्य, र अधिकारलाई मध्यनजर गर्दै त्यसको अनुगमन, मुल्यांकन गर्न माथिल्लो योग्यता भएको जनशक्तिको आवश्यक व्यवस्था गरी नियमित नियमन गर्नुपर्ने ।
- हरेक स्वास्थ्य संस्थाबाट संचालन हुने गतिविधिहरुको नियमित सामाजिक परीक्षण तथा आवश्यकता अनुसार लेखा परीक्षण गर्नुपर्ने ।
- हरेक स्वास्थ्य संस्थाबाट संचालन हुने गतिविधिहरुलाई जनउत्तरदायी र जवाफदेही बनाउन आवश्यक पहल गर्ने ।

**निष्कर्षः**

संविधान कार्यन्वयन पश्चात स्थानीय तहको दोस्रो आवधिक निर्वाचन नजिकिँदै गर्दा दल वा उम्मेदवारले राजनीतिक पाण्डुलिपिको रुपमा व्याख्या विश्लेषण गरिने मुखपत्र वा घोषणापत्र तयार गर्ने र त्यसको प्रचारप्रसारको लागि जुटिरहँदा नेपालको समग्र स्वास्थ्य सेवालाई समयानुकुल, प्रविधिमैत्री, आम नागरिकको सेवामुखि र वैज्ञानिक रुपमा अगाडी बढाउन केही प्रावधानहरु घोषणापत्रमा समावेश गर्नुपर्ने हुन्छ ।

यसरी बनाउने घोषणापत्र नामको लागि मात्रै र देखाउनकै लागि बनाउने कुराको अन्त्य गर्दै गर्न सकिने, आगामी पाँच वर्ष भित्र गर्नुपर्ने र सम्भव भएका गतिविधिहरुलाई समेटेर क्विहरुको राय, सल्लाह, सुझावका आधारमा तयार गर्नु आवश्यक छ र माथि उल्लेखित बुँदाहरु सबै दल र उम्मेदवारका लागि सहयोगी बन्न सक्छन । स्वास्थ्य खबरबाट

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तिलाठी, सप्तरी

## स्थानीय...

जित्न पार्टी प्रवेश गराउनेदेखि तालमेलको तयारीमा तीव्र गतिमा जुटेका छन् । उम्मेदवारका आकाङ्क्षीहरू टिकटको दाबी गर्दै उम्मेदवारी घोषणा गर्ने वा आफ्ना समर्थकबाट गराउने दौडमा दौडिँदै छन् । मतदाताहरूको पनि राजनीति र चुनावप्रति आकर्षण बढ्दो छ । मतदातामा आफ्नो प्रतिनिधि छान्न उत्साह आउनु स्वाभाविक हो । मतदाताहरू आफ्नो प्रतिनिधि छान्न उत्साहित हुनु पनि पर्छ, तर सचेत हुन पनि त्यति नै आवश्यक छ ।

निर्वाचनमा हरेक दलले आफ्ना नीति, कार्यक्रम, विचार र उम्मेदवार राम्रो मात्र होइन, उत्कृष्ट रहेको दलिल पेश गर्ने र मतदातासँग मत माग्ने गर्छन् । तर जनताको मत पाएर निर्वाचित भइसकेपछि चुनावको क्रममा मतदातासँग गरेका वाचाहरू पुनः अर्को निर्वाचन नआउन्जेल सम्झिँदैनन् । दलहरूले नै मतदातालाई दलीय चिरामा बाँड्ने गर्छन् । तर तिनै दलहरू निर्वाचन जित्नका लागि विचार र सिद्धान्त नै नमिल्ने दलहरूसँग चुनावी तालमेल गर्छन् । साथै अर्को पार्टीमा हुँदासम्म विभिन्न लाञ्छना र आरोप लगाएकै पात्रलाई चुनाव जित्नकै लागि पार्टीमा स्वागत गर्ने र टिकट समेत दिने गरेका छन् ख। त्यही पात्र पार्टीमा छँदा सम्म उत्कृष्ट हुन्छन् र पार्टी परित्याग गरेपछि कामै नलाग्ने र आरोपित हुन पुग्छन् । दलहरूको यस्तै द्वन्द्व चरित्र र रवैयासँग आम मतदाताहरू सचेत रहन अति आवश्यक भैसकेको छ ।

संविधानले स्थानीय सरकारलाई धेरै अधिकार दिएको छ । यसको सही प्रयोग गर्न जानेमा र गरेमा मात्र जनताले सिंहदरबार जनताको घरघरमै आएको महसुस गर्न पाउने छन्, नभए यो नारा दलहरूको घोषणा र दस्तावेजमै सीमित रहने छ । संविधानले परिकल्पना गरेको सुविधा स्थानीय तहबाटै पाउन दलहरूले सक्षम उम्मेदवार उठाउन जति जरुरी छ, । मतदाताहरूले पनि सक्षम उम्मेदवारलाई मतदान गरेर जिताउन त्यति नै जरुरी छ । व्यक्ति नेतृत्व गर्न सक्षम छ भने मतदाताहरूले त्यस्तो उम्मेदवारको जात, समुदाय, पार्टी आदि हेरि राख्नु पर्दैन । विना शर्त र कुनै किसिमको सङ्कोच नगरी त्यस्ता उम्मेदवारलाई मतदान गरी विजय गराउनु पर्छ । अनि मात्र स्थानीय सरकारले सक्षम नेतृत्व पाउन सक्छ । जबसम्म मतदाताहरू पार्टी, जात, समुदाय र हाम्रा मान्छे भनेर मतदान गरिरहन्छन्, गाउँ गाउँमा सिंहदरवार आउनेवाला छैन ।

**स्थानीय निकायः विगतदेखि वर्तमानसम्म**

नेपालको संविधान २०७२ अनुसार स्थानीय तह भन्नाले पालिका र जिल्ला हो । पालिका एक भौगोलिक तथा शासकीय तह हो, जसको कार्यकारिणी अङ्ग र व्यवस्थापकीय अङ्ग हुन्छ । जिल्ला समन्वय समितिले जिल्ला भित्रका पालिकाहरुबीच समन्वय गर्ने कार्य गर्दछ । जिल्ला विकास समितिले गर्दै आएको कार्यकारिणी कार्यहरू अब पालिका स्तरबाट हुन्छ । जिल्ला समन्वय समिति भूमिका खासै छैन । संविधानको धारा ५६ अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको छ । नेपालको राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले यस संविधान र कानुन बमोजिम गर्नेछन् भन्ने उल्लेख गरिएको छ ।

नेपालमा स्थानीय निकायको व्यवस्था लिच्छवी र किरात काल अर्थात करिब पाँच हजार वर्ष अघिदेखि नै सुरु भएको देखिन्छ । जंगबहादुर राणाले ६९ प्रशासनिक इकाइ बनाएका थिए । वीर शम्शेरले ३२ जिल्ला बनाए । २००६ सालमा गाउँ पञ्चायत ऐन आयो । २००७ सालको क्रान्ति कालमा १७१ गाउँ पञ्चायत गठन भएका थिए । २०१३ सालमा ७ क्षेत्र ३२ जिल्ला र ७६ उपक्षेत्र कायम गरिएको थियो । २०१७ सालमा राजा महेन्द्रद्वारा संसदीय व्यवस्था भङ्ग गरी निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरी १४ अञ्चल र ७५ जिल्ला स्थापित गरियो । पञ्चायती व्यवस्थाको सुरुवात पछि पुराना गढी, गोश्वारा खारेज गरिए । जिल्ला पञ्चायत, नगर पञ्चायत, अञ्चल पञ्चायत र गाउँ पञ्चायतलाई प्रशासकीय इकाई कायम गरियो । बहुदलीय राजनीतिक व्यवस्थाको सुरुवात भएपछि २०४९ सालमा र २०५४ सालमा प्रचलित कानुनअनुसार स्थानीय निकायको निर्वाचन सम्पन्न भयो । नेपाल सरकार मन्त्रिपरिषद्को २०७३ फागुन २२ को स्थानीय तह पुनःसंरचनासम्बन्धी निर्णय फागुन २७ मा राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागु भएको हो ।

नयाँ संविधान जारीपछि स्थानीय तहको पहिलो निर्वाचन २०७४ सालमा सम्पन्न भयो र आगामी वैशाख ३० गतेका लागि दोस्रो निर्वाचनको मिति तोकिएको छ । स्थानीय तहको अहिलेको संरचनाअनुसार देशभरि ७७ जिल्ला सभा, ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका, ६७४३ वडा कायम रहेको छ । स्थानीय क्षेत्रको शान्ति सुरक्षा, विकास एवं प्रशासन स्थानीय क्षेत्रकै निर्वाचित प्रतिनिधिद्वारा सञ्चालन गर्ने सरकारलाई स्थानीय सरकार भनिन्छ ।

स्थानीय सरकार स्थानीय संस्थाबाट गरिने शासन हो, जसमा जनताबाट निर्वाचित प्रतिनिधि हुन्छन् । केन्द्रीय सरकारको सामान्य नियन्त्रण र निर्देशन भए पनि तोकिएको विषयमा आफ्नो क्षेत्रभित्र स्थानीय सरकारको पूर्ण अधिकार र उत्तरदायित्व हुने गर्दछ । केन्द्रीय सरकारले समग्र देश र स्थानीय सरकारबीच समन्वय र नियन्त्रण गर्दछ भने स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र समन्वय र नियन्त्रण गर्दछ ।

स्थानीय स्तरमा जनचाहना अनुरूपका आवश्यकता पूर्ति गर्ने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय तहमा छरिएर रहेको शक्तिलाई एकीकृत गरी परिचालन गर्ने, स्थानीय साधन, स्रोत, सीप, प्रविधि, क्षमता एवं अनुभवको अधिकतम परिचालन गर्ने, लोकतन्त्रको स्थानीय स्तरदेखि नै विकास गर्ने, स्थानीय जनतामा राजनीतिको व्यवहारिक ज्ञानको वृद्धि गर्ने, स्थानीय स्तरको योजना र विकास निर्माण व्यवस्थापन गर्ने, शासन व्यवस्थापनमा जनताको सहभागिता प्रवर्द्धन गर्ने, जनतालाई स्थानीय स्तरमा नै सेवा सुविधा उपलब्ध गराउने, स्थानीय तहबाट नै सुशासनको स्थापना गर्ने लगायतका स्थानीय सरकारले गर्नुपर्ने कार्यहरू रहेका छन् ।

राज्य शक्तिको प्रयोग तीनवटै तहबाट एकल तथा संयुक्त ढंगले हुने गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा विभिन्न तहका अधिकारहरु बाँडफाँट गरिएको छ । तिनै अधिकारहरूको प्रयोग गरेर स्थानीय सरकारले पनि शान्ति सुरक्षा, सुशासन, विकास र समृद्धिको लागि स्थानीय जनताको आकांक्षा पुरा गर्नु पर्ने हुन्छ ।

**स्थानीय तहमा के के छ अधिकार ?**

स्थानीय तहलाई करिब २ दर्जन बढी अधिकार दिइएको छ । जसमा स्थानीय कर उठाउनेदेखि नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय सेवाको व्यवस्थापनसम्म पर्छ । त्यस्तै स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षण, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ व्यवस्थापन आदि पर्छन् । यी बाहेक गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घर जग्गा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी व्यवस्थापन पनि पर्छन् । त्यस्तै, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारीको तथ्याङ्क संकलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको अधिकार संविधानले दिएको छ ।

**बलियो स्थानीय निकाय, निबर्लिया जनप्रतिनिधि**

अहिलेको स्थानीय तह पहिलेको स्थानीय निकाय जस्तो प्रशासनिक इकाई मात्र होइन । अहिलेको स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै अधिकार दिइएको छ । यति अधिकार भएको स्थानीय तहको नेतृत्व जो केहीले गर्न सम्भव छैन । स्थानीय तहको नेतृत्व गर्न विषयवस्तुको राम्रो ज्ञान, अनुभव, समाजमा भिजेको, समाजलाई बुझेको, निष्ठा र इमान्दारिता हुन अत्यन्त जरुरी छ । मतदाताले पनि यस्तै उम्मेदवारलाई मतदान गरेर विजय गराई स्थानीय तहको नेतृत्वमा सक्षम व्यक्तिलाई पुऱ्याउनु पर्ने हुन्छ । यसको लागि दलहरूले पनि साम, दाम, दण्ड र भेदको नीति प्रयोग गरेर चुनाव जित्न खोज्ने व्यक्तिहरूलाई उम्मेदवार बनाउनुको सट्टा सक्षम र राजनीतिक निष्ठा भएको व्यक्तिहरूलाई उम्मेदवार बनाउनु पर्ने हुन्छ । अनि मात्र नेपालको संविधानले परिकल्पना गरेको र नेपाली जनताले देखेको सपना साकार हुनेछ । रातोपाटीबाट

# अन्तर्राष्ट्रिय समाचार

## सोमालियाको राजधानीमा आत्मघाती बम आक्रमणमा परी कम्तीमा तीन जनाको मृत्यु

**सोमालिया**/शुक्रबार साँझ सोमालियाको राजधानीको एक लोकप्रिय रेस्टुरेन्टमा आत्मघाती बम विस्फोटन हुँदा कम्तीमा तीन जनाको मृत्यु हुनाका साथै अन्य आठ जना घाइते भएका छन् ।

प्रहरी प्रवक्ता अब्दिफिताह अदेन हसनका अनुसार सुरक्षा बलहरूले नयाँ पेस्केटोर सीफुड रेस्टुरेन्टलाई नियन्त्रण लिएर घाइतेहरूलाई अस्पताल लगिएको थियो । त्यो रेस्टुरेन्टमा हालै लिडो बिचमा खोलिएको थियो जहाँ सेलिब्रेटीहरू जमघट हुने गर्दछ ।

प्रहरीका अनुसार घटनास्थलमा पुगेका सुरक्षा अधिकारीहरूले अन्य अल-शबाब लडाकुहरूलाई रोकेका थिए । उनीहरू विष्फोटपछि रेस्टुरेन्टमा जबर्जस्ती पस्ने प्रयास गरिरहेका थिए । एडेनले पत्रकारहरूलाई दिएको जनाकारीअनुसार सुरक्षा बलहरूले सोमाली संसद्का ११ सदस्यहरूसहित रेस्टुरेन्टमा साँझको खानाका लागि रेस्टुरेन्टभित्र रहेका एक पुलिस आयुक्तलाई उद्धार गरेका थिए । "आक्रमणको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ", उनले बताएका छन् ।

यद्यपि, चिकित्सा परोपकारी संस्था आमिन एम्बुलेन्स सेवाले आक्रमणमा ६ जनाको मृत्यु भएको र सात जना घाइते भएको बताएको छ ।

"हामीले विष्फोट स्थलबाट छ जना मारिएका सर्वसाधारण र अन्य सात जना घाइतेहरूलाई बोकेर लगेका छौं, "आमिन एम्बुलेन्स सेवाका निर्देशक अब्दिकादिर अब्दिरहमानले घटनास्थलमा पत्रकारहरूलाई भनेका छन् ।

पूर्वी अफ्रिकामा सक्रिय सोमालियामा रहेका जिहादी समूह अल-शबाबले राजधानीमा भएको पछिल्लो आक्रमणको जिम्मेवारी लिएको छ र यसका लडाकुहरूले उच्च सरकारी अधिकारीहरूलाई निशाना बनाएको बताएको छ । एजेन्सी

## राष्ट्रसंघका महासचिवले अप्रिल २८ मा युक्रेनको भ्रमण गर्ने

**न्यूयोर्क**/संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अप्रिल २८ मा युक्रेनको भ्रमण गर्ने बताइएको छ । सो अवसरमा महासचिव गुटेरेसलेले राष्ट्रपति भोलोडिमिर जेलेन्स्की र विदेशमन्त्री दिमिट्रो कुलेबासँग भेट गर्नेछन् ।

"महासचिवले अर्को हप्ता युक्रेनको भ्रमण गर्नेछन्। उनले विदेशमन्त्री दिमिट्रो कुलेबासँग कार्य बैठक गर्नेछन् र अप्रिल २८ मा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले स्वागत गर्नेछन् ।

उनले युक्रेनका जनतालाई मानवीय सहायताको मात्रा बढाउने विषयमा छलफल गर्न संयुक्त राष्ट्रसंघीय निकायका कर्मचारीसँग पनि भेट गर्नेछन्,' संयुक्त राष्ट्रसंघको प्रेस सेवाले एक विज्ञप्तिमा भनेको छ। महासचिव गुटेरेस रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र विदेशमन्त्री सर्गेई लाभरोभसँग भेट्न मस्को जाने घोषणा भएको केही घण्टापछि यो घोषणा गरिएको हो ।

महासचिवका सहायक प्रवक्ता एरी कानेकोले शुक्रबार उक्त भ्रमणको घोषणा गरिएको हो। क्रेमलिनले पनि पुटिन र लाभरोभले भेट्ने बताएको छ ।

"महासचिवले रुसी संघको मस्को भ्रमण गर्नुहुनेछ जहाँ मङ्गलबार अप्रिल २६ मा उहाँले विदेशमन्त्री सेर्गेई लाभरोभसँग कार्य बैठक र दिवाभोज गर्नुहुनेछ र राष्ट्रपति भ्लादिमिर पुटिनले स्वागत गर्नेछन्," सहायक प्रवक्ताद्वारा बताइएको छ । कानेकोले पुटिन र लाभरोभले गुटेरेससँग सोही दिन भेट हुने उल्लेख गरे ।

मङ्गलबार गुटेरेसले युक्रेनमा चार दिनको मानवीय कार्यको लागि युद्ध विराम गर्न द्वन्द्वका सबै पक्षहरूलाई आह्वान गर्दै वार्ता र शान्तिको लागि समेत आग्रह गरेका छन् । एजेन्सी

## जापानको होक्काइडो नजिक २६ जना यात्रु बोकेको डुङ्गा बेपत्ता

**जापान**/जापानी तटरक्षकले २६ जना सवार हराइरहेको काजु १ क्रुज जहाज भेट्टाउन नसकेको जापानी क्योडो समाचार एजेन्सीले मेरीटाइमलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

एजेन्सीका अनुसार चालक दलका दुई सदस्य र दुई बालबालिकासहित २४ जना यात्रु सवार उक्त डुङ्गा उच्च छाल र तीव्र हावाको बावजुद उत्तरी टापु होक्काइडोको पूर्वी बन्दरगाहबाट छुटेको थियो। कोस्ट गार्डद्वारा लगभग १६.१५ जीएटीमा सङ्कट देखिएको सङ्केत प्राप्त भएको थियो। एक हेलिकप्टर र गस्ती जहाजहरू संदिग्ध स्थानमा पठाइएको थियो । तर दुई घण्टाको खोजी पछि पनि उद्धारकर्ताहरूले जहाज पत्ता लगाउन सकेका छैनन् । एजेन्सी


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# सप्तरीमा ९ हजार ३१ विद्यार्थी एसइईमा सहभागि

**राजविराज**/सप्तरीमा ९ हजार ३१ विद्यार्थीहरु यस पटकको एसइई परिक्षामा सहभागि भएका छन् ।

शुक्रबारदेखी सुरु भएको एसइई परिक्षाको पहिलो दिन जिल्लाभरका ३५ परिक्षा केन्द्रमा ९ हजार ३१ विद्यार्थी सहभागि भएको जिल्ला शिक्षा समन्वय इकाईले जनाएको छ ।

परिक्षाको पहिलो दिन डाक्नेश्वरी नगरपालिकास्थित पातो परिक्षा केन्द्रमा मर्यादा विपरित काम गरेवापत एक जना निरिक्षक कारवाहीमा परेको जिल्ला शिक्षा समन्वय इकाईका प्रमुख बिजय मण्डलले जानकारी दिएका छन् ।

यसैक्रममा पहिलो दिन मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले जिल्लाका आधा दर्जन परिक्षा केन्द्रको अनुगमन गरेका छन् ।

अनुगमनकै क्रममा मन्त्री साहले शिक्षामा देखिएका चुनौती शिक्षक र अभिभावकबाट मात्र पार नलाग्ने भएकाले यसमा सरकारको पनि उत्तिकै भूमिका रहने र यसका लागि आफूले श्रोत साधन र क्षमताले भ्याएसम्म काम गरिरहेको बताए ।



उनले शिक्षामा अझै धेरै सुधारको सम्भावना रहेको जिकिर गर्दै यसलाई उकास्न आधारभूत शिक्षामा रोजगारी, सीप र उत्पादनसँग जोड्ने तयारी भइरहेको बताए ।

# राजविराज नगरपालिका टिमका खेलाडीहरु सम्मानित

**राजविराज**/मेयर कप क्रिकेट प्रतियोगिताका बिजेता राजविराज नगरपालिका टिमका खेलाडीहरु शनिबार सम्मानित भएका छन् ।

गत चैतमा बिराटनगरमा आयोजित उक्त प्रतियोगितामा बिजेता बनेको राजविराज टिमलाई क्रिकेट विकास प्रतिष्ठान राजविराज-६ ले एक समारोहबीच सम्मानित गरेको हो ।

प्रतिष्ठानका अध्यक्ष ई. इन्द्रनारायण देवले खेलकुदमा पाएको सफलताले मुलुककै प्रतिष्ठा बढाउने भन्दै राजविराज टिमले पाएको सफलताप्रति खेलाडी तथा प्रशिक्षक र सहयोगि सबैलाई बधाई ज्ञापन गरे ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले राजविराज क्रिकेट टिमले मधेश प्रदेश र प्रदेश १ का गरि सबै टिमलाई पराजित गरि प्रथम हुनु ठूलो उपलब्धी हो भन्दै सप्तरीमा क्रिकेटका विकासका लागि सबै क्षेत्रबाट सहयोगको अपेक्षा व्यक्त गरे ।

टिम कोच तथा क्रिकेटका अन्तराष्ट्रिय खेलाडी राजकुमार दासले बिजेता खेलाडीहरुलाई शुभकामना दिँदै सप्तरीमा रहेका उदीयमान खेलाडीहरुको लागि विशेष व्यवस्थाका साथ खेल अभ्यासको वातावरण बनाउनु पर्ने बताए ।

राजविराज नगरपालिका टिमका क्याप्टेन महबुब आलमले प्रतिष्ठानद्वारा आयोजित स्वागत कार्यक्रमबाट खेलाडीहरुमा उर्जा र खेलप्रति समर्पण बढाउने भन्दै अन्य क्षेत्रबाट पनि क्रिकेटको विकासका लागि ध्यान पुऱ्याउन जरुरी रहेको बताए ।

# मो. इस्लाम माओवादी केन्द्रमा प्रवेश

**राजविराज**/नेकपा एमालेका मधेश प्रदेश समिति सदस्य मो. इस्लाम मियाँ नेकपा एमाले परित्याग गरी नेकपा माओवादी केन्द्रमा प्रबेश गरेका छन् ।

राजविराजमा शनिबार आयोजित एक कार्यक्रमका बीच नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा सप्तरी ईञ्चार्ज अशोक कुमार मण्डल, केन्द्रीय सदस्य असर्फि सदा लगायतका नेताहरुले माला र टिका लगाएर ईस्लाम मियाँलाई पार्टी प्रबेश गराएका हुन् ।

मियाँ गत २०७४ सालको स्थानीय तह निर्वाचनमा बोदे बर्साइन नगरपालिकाको मेयर पदमा चुनाब लडेका थिए भने अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा पनि क्षेत्र नम्वर ४ मा एमालेबाट उम्मेदवार बनेका थिए ।

पार्टी प्रबेश कार्यक्रममा माओवादी केन्द्रका मधेश प्रदेश समिति सदस्यहरू महेश कुमार यादव, भागवत यादव, छेदी रजक विमल, जिल्ला समिति सदस्य दिलिपकुमार यादव लगायतको उपस्थिति रहेको थियो ।

# जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह

**काठमाडौँ**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा संगीता कौशल मिश्राद्वारा जारि विज्ञप्तिमा कोरोना भाइरसको सङ्क्रमण छिमेकी मुलुक भारतमा बढ्दै गएपछि नेपालमा पनि सङ्क्रमणको जोखिम रहेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरिएको छ ।

"कोभिड-१९ को सङ्क्रमण भारतलगायत छिमेकी राष्ट्रमा पछिल्लो केही दिनमा बढ्दो क्रममा रहेको वर्तमान अवस्थामा सङ्क्रमणको जोखिम कायम नै रहेकाले सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी भूमिका बढाउन संवेदनशील भई जिम्मेवार बनी जनस्वास्थ्यको मापदण्ड पालना गर्न/गराउन मन्त्रालयले सबैलाई अनुरोध गरेको छ", जारी विज्ञप्तिमा भनिएको छ ।

सङ्ख्यात्मक रूपमा सङ्क्रमण केही कम भएजस्तो देखिए पनि महामारीको जोखिम कायमै रहेको उल्लेख गर्दै विज्ञप्तिममा मन्त्रालयले खोप लगाएको तीन महिना पूरा भएकालाई बुष्टर मात्रा खोप लगाउनसमेत आग्रह गरेको छ । मन्त्रालयले कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाउन, खोप लगाउन प्रेरित गर्न र जारी खोप अभियानमा साथ दिनका लागिसमेत सबैलाई आग्रह गरेको छ ।

# फुटबल संघमा परियार



**राजविराज**/जकुमार परियारको नेतृत्वमा सप्तरी जिल्ला फुटबल संघ चयन भएको छ । शुक्रबार सम्पन्न पाँचौं अधिवेशनले परियारको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

नवगठित कार्य समितिको उपाध्यक्षमा अमरबहादुर भुजेल, बिजय कुमार चौधरी र सुनिल चौधरीलाई चयन गरिएको छ । यस्तै सदस्यमा ध्रुब नारायण चौधरी, रमेशप्रसाद साह, रमेश श्रेष्ठ, अविलाषा पन्त, अमरेन्द्र कुमार चौधरी, बैजु दास, राजकुमार श्रेष्ठ, बब्लुकुमार चौधरी, सुरेश खड्गा, सुरेश लामा र देबेन्द्रमान सिंह बस्नेत चयन भएका छन् ।

नेतृत्व चयनका लागि मतदानको सम्पूर्ण तयारी भइरहेको बेला गरिएको सहमतिको प्रयास सफल भएपछि सर्वसम्मतीबाट नयाँ नेतृत्व चयन गरिएको हो ।

यसअघि तत्कालिन अध्यक्ष देबेन्द्रमान सिंह बस्नेतले गत बैशाख १ गते गोप्य ढंगले चुनाव गर्न लागेको भन्दै परियार पक्षले पत्रकार सम्मेलन समेत गरि आरोप लगाएपछि केन्द्रिय समितिले निर्वाचन स्थगन गरेको थियो । सोको छानबिन सकिएपछि नयाँ मिति तोकेर अधिवेशन गराइएको हो ।

केन्द्रिय प्रतिनिधि अखिल नेपाल फुटबल संघका केन्द्रिय सदस्य समेत रहेका बिनोद लामाको उपस्थितिमा अधिवेशन सम्पन्न भएको हो ।

सप्तरी फुटबल संघमा १० वटा क्लब आवद्ध छन् । संघसँग आवद्ध क्लबको प्रतिनिधि नै मतदाता हुने व्यवस्था छ ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*